# स्थानिय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८१।०८२
चलानी नं. ८६३

गण्डकी प्रदेश,नेपाल

मिति :–२०८१।११।१९

विषयः- सुचना प्रवाह गरि आवेदन दर्ताको लागि पठाउने सम्वन्धमा।

श्री वडा कार्यालय १,२,३,४,५ र ७
कालीगण्डकी गाउँपालिका ,स्याङजा

प्रस्तुत विषयमा यस कालीगण्डकी गाउँपालिकाको आ .व.२०८१।०८२ को कृषि तर्फको स्वीकृत कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पुन दोस्रो पटक प्रकाशित सुचना नयाँ आँप पकेट विकास कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सुचना यसै पत्र साथ संलग्न राखि पठाइएकोले सुचना बमोजिम कृषि समुह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरु लाई अविलम्व सूचना प्रवाह गरि आवेदन दर्ताको लागि पठाउनु हुन अनुरोध गरिन्छ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

स्थानिय सरकार

कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

पत्र संख्याः २०८१।०८२
चलानी नं.

गण्डकी प्रदेश,नेपाल

## नयाँ आँप पकेट विकास कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सुचना ।।।

(दोस्रो पटक सुचना प्रकाशित मिति :-२०८१।११।१९)

आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत कालीगण्डकी गाउँपालिका विर्घा,स्याङजामा तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समुह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र अर्थात मिति २०८१।१२।०४ गते भित्र यस कार्यालयको कृषि शाखामा तोकिएको ढाँचा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल (अनुसुची-१०)अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

(क)पकेट विकास कार्यक्रमका क्षेत्रहरु – कालीगण्डकी गाउँपालिकाको वडा नं. १,२,३,४,५ र ७

(ख) कार्यक्रम :- नयाँ आँप पकेट विकास कार्यक्रम

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१)सम्बन्धित निकायमा कृषि समुह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

(२)कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।

(३)निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(४)कार्य समितिको निर्णयको प्रतिलिपि ।

(५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(यस विषयमा थप जानकारीका लागिका कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिने छ ।)

परशुराम उपाध्याय
२०८१।११।१९
प्रमुख प्रशासकीय अधिकृत